# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission, Nepal**

केन्द्रिय कार्यालय Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal


## प्रेस नोट

मिति २०७६ कात्तिक २७

**भर्ना प्रक्रिया स्वच्छ र जिम्मेवार साथै न्यायामा पहुँच हुन नसक्दा आप्रवासी कामदारहरुको मानव अधिकार जोखिममा**

अन्तर्राष्ट्रिय सम्मेलनको दोश्रो दिन आज स्वच्छ र जिम्मेवार भर्ना प्रक्रिया, अनियमित आप्रवासनका सवालहरु र आप्रवासी कामदारहरुको न्यायमा पहुँचको विषयमा विभिन्न तीन वटा सत्रमा विस्तृतरुपमा छलफल भएको छ । सो क्रममा आप्रवासी कामदारहरुमाथि हुनसक्ने जोखिम न्यूनीकरणका लागि उत्पत्ति मुलुकबाट गन्तव्य मुलुकहरुसँगको समन्वय महत्वपूर्ण हुनेकुरा विज्ञहरुबाट उठाइएको थियो । कामदारहरुले गन्तव्य मुलुकमा विभिन्न समस्या भोग्नु परेको भएता पनि प्रस्थानपूर्व आफ्नै मुलुकमा समेत भर्ना प्रक्रिया देखि नै विभिन्न समस्याहरु भोग्नुपरीरहेको विषय उठान गरिएको थियो । भएका कानूनहरुको प्रभावकारी कार्यान्वयनको अभाव, कतिपय मुलुकहरुका नीतिहरुमा रहेका कमजोरीका कारण कामदारहरु अनियमित तवरबाट वैदेशिक रोजगारीमा जान बाध्य हुने गरेको विषय उजागर गरिएको थियो ।

छलफलको क्रममा गन्तव्य मुलुकहरुमा आप्रवासन सुरक्षित र पारदर्शी हुनुपर्नेमा जोड दिँदै कामदारहरुको लागि मानवीय व्यवहार र कानूनी प्रक्रियामा लैजान सबै पक्षहरुले आ-आफ्नो भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिइएको थियो । श्रम आप्रवासनका क्रममा हुने मानव ओसार पसार र बेचविखनबाट पीडितहरुको संरक्षणका लागि अधिकारमा आधारित पद्धतिलाई जोड दिनुपर्ने, अनियमित आप्रवासनबाट सिर्जना हुने जोखिमबाट नागरिकहरुलाइ संरक्षण गर्न आ-आफ्ना मुलुकका संबद्ध निकाय र कुटनीतिक नियोगले विभिन्न मुलुकका राष्ट्रिय मानव अधिकार संस्था र नागरिक समाजसँग सहकार्य गर्नुपर्ने विषय उठाइएको थियो । कुनैपनि प्रकारको व्यवसायिक क्षेत्रले संयुक्त राष्ट्रसंघीय निर्देशिकामा उल्लेख भएबमोजिमका मानव अधिकारका मापदण्डहरुको सम्मान र परिपालना गर्नुपर्नेमा जोड दिइएको थियो । राज्यहरुले नीति तथा संरचनाहरु निर्माण गरेको भएतापनि तिनमा ठूलो संख्याका आप्रवासी कामदारहरुको सहज पहुँच नभएको विषयलाई उजागर गरिएको थियो ।

वैदेशिक रोजगारीको क्रममा आउन सक्ने भाषागत, कानूनी एवं अदालती प्रक्रियामा आवश्यक शूल्कको अभाव, गन्तव्य मुलुकको कानूनको ज्ञान नहुनु लगायतका चुनौतिहरुलाई ध्यान दिनुपर्नेमा जोड दिइएको थियो । साथै, कानूनी उपचारमात्रै समस्याको समाधान नभएर आप्रवासी कामदारहरुलाई सामाजिक न्याय र विभिन्न पक्षबाट शशक्तिकरण गर्नुपर्नेमा समेत जोड दिइएको थियो ।

आजका तीन वटा सत्र राष्ट्रिय मानव अधिकार संस्थाका प्रमुखहरुको अध्यक्षतामा सम्पन्न भएको थियो । सत्रहरुमा ३ जना विशेषज्ञहरुबाट कार्यपत्र प्रस्तुत गरिएको थियो भने १२ जना प्यानलिष्टबाट धारणा तथा टीप्पणी राखिएको थियो । त्यसैगरी विभिन्न देशका ४० जना सहभागीहरुले समस्या तथा चुनौतिका विषयमा जिज्ञासा तथा आफ्ना धारणा राख्दै प्रभावकारी कार्यन्वयनमा जोड दिएका थिए । सम्मेलनमा नेपाल सहित २७ देशका १ सय ४० जनाको सहभागिता रहेको थियो ।

.................................

मुरारिप्रसाद खरेल

निर्देशक


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal

अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*